स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपालमा फिल्मको व्यापारभन्दा कलाकारको पारिश्रमिक ज्यादा बढिरहेको हुन्छ। कुनै बेला फिल्म बन्ने बजेट अहिले एउटा चलेको कलाकारलाई पारिश्रमिक पनि नपुग्ने अवस्था छ। हुँदाहुँदा म्यूजिक भिडियो र टेलिसिरियलका कलाकार पनि फिल्ममा सुनबराबर भएका छन्। सागर लम्साल 'बले' यसको उदाहरण हुन्। हालै उनले एक फिल्ममा बुझेको पारिश्रमिक चर्चाको विषय बनेको छ।

**आजको विचार...**



सलाम...
*(दुई पेजमा)*

दीर्घ बहादुर चन्द 'सुमन'

अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठको मुख्य भूमिका रहेको फिल्म 'मिसिङः केटी हराएको सूचना' यही शुक्रबार (माघ ११ गते)बाट प्रदर्शनमा आउने तयारीमा छ। ३२ वर्षअघिको चर्चित डकु-ड्रामा 'उजेली' बनाएका दीपेन्दरु गौचनको निर्देशनमा तयार भएकाले फिल्मप्रति दर्शकमा चासो र अपेक्षा बढिरहँदा देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्समा अग्रिम बुकिङ खुलाइएको छ। क्यूएफएक्सले १६ वटा हलमा फिल्मलाई ६० शो बाँडेको छ।



❒ वर्ष ३० ❒ अंक १७८ ❒ २०८१ माघ ८ गते मंगलबार 21 January 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### झडपमा परी ८० को मृत्यु

**(रासस/एएफपी)**

**तिबु,** माघ ७/कोलम्बियामा शान्ति प्रक्रिया ठप्प भइरहेका बेला ससस्त्र लडाकूबीच नयाँ श्रृङ्खला बिस्तार भएपछि चार दिनमा सर्वसाधारणसहित ८० जनाभन्दा बढीको मृत्यु भएको छ । सशस्त्र झडपका घटनापछि करिब ११ हजार मानिस विस्थापित भएका अधिकारीहरूले जानकारी दिएका छन् । त्यहाँका बासिन्दाहरू आफ्नो ज्यान जोगाउन भागेपछि सेनाले कोकिन खेती गर्ने क्याटाटुम्बो क्षेत्रमा करिब पाँच हजार सैनिक तैनाथ गरेको थियो । नेशनल लिबरेशन आर्मी (ईएलएन) सशस्त्र समूहले गत बिहीबार क्याटाटुम्बोमा पार्क गुरिल्ला फोर्सका भूतपूर्व सदस्यहरू सम्मिलित प्रतिद्वन्द्वी समूहमाथि आक्रमण गरेको अधिकारीहरूले बताएका छन् । नर्तें डी सान्तान्दर विभागका गभर्नर विलियम भिल्लामिजारका अनुसार हिंसात्मक घटनाका कारण नागरिकहरू ठाउठाउमा फसेका र आइतबार सम्ममा '८० जनाभन्दा बढीले ज्यान गुमाइसकेका' अनुमान गरिएको छ । मोटरसाइकल, डुङ्गामा ब्याकप्याक र सामान बोकेका वा खुला ट्रकमा बसी हिंसाबाट त्रसित बासिन्दाहरू सप्ताहन्तमा यस क्षेत्रबाट भागेका थिए । आर्थिक र राजनीतिक उथलपुथलबाट गाउहरूबाट भागेर सयौँले तिबु शहरमा शरण लिएका थिए भने केही सीमा पार गरेर भेनेजुएला पुगेका थिए । भेनेजुएलाले 'कोलम्बियाबाट विस्थापित व्यक्तिहरूको सहायताका लागि एक विशेष अभियान' सुरु गरेको घोषणा गरेको कोलम्बिया सरकारले जनाएको छ । भेनेजुएला भागेका ४५ वर्षीय किसान जियोभान्नी भालेरोले भने, 'कोलम्बियाली नागरिकको हैसियतले मेरो देश छोड्नु मेरो लागि पीडादायी छ । क्याटाटुम्बोको अवस्था सुल्झिने छ र उनीहरू फर्कन सक्नेछन् भन्ने आशा विस्थापित सर्वसाधारणले गरेका छन् ।'

# पाल्पामा ११ महिनामा ६८ फरार प्रतिवादी पक्राउ

## २० वर्षपछिका अभियुक्त समेत समातिए

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ ७/विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेका ६८ अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पाल्पाले ११ महिनामा विभिन्न अपराध गरी लामो समयसम्म फरार रहेका ६८ जना फरार प्रतिवादीलाई पक्राउ गरेको हो ।

चालु आर्थक वर्षको पुस २९ गतेसम्म विभिन्न मुद्दामा अदालतबाट सजाय पाएर पनि फरार रहेका उक्त संख्याका प्रतिवादीलाई पक्राउ गरेर सजाय र जरिवाना भुक्तान गराउने काम गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीले अदालतबाट दोषी करार भएर कैद भुक्तान र जरिवानाबाट बच्ने आशले फरार रहेका २० वर्ष पछी सम्मका प्रतिवादीलाई पक्राउ गरेको कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ । २०८०/११/७ देखि २०८१/०९/ २९ गते सम्ममा फैसला पछिको अवधिलाई हेर्दा २० वर्षपछि २ जना, १५ वर्षपछि १ जना, १० वर्षपछि २२ जना, ५ वर्षपछि १५ जना र ५ वर्ष भन्दा कम अवधिका २८ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र चन्दले बताए । उनका अनुसार अदालतबाट दोषी करार भएर सजाय पाए पनि फरार रहेका प्रतिविादीलाई योजना नै बनाएर पक्राउ गरिएको हो । पक्राउ परेकाबाट २० वर्ष १ महिना १ दिन कैद र ७१ लाख ३६ हजार ९ सय ४३ जरिवाना असुलउपर गरिएको सार्वजनिक तथ्याङ्कमा उल्लेख छ । फरार प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालयको फैसला कार्यान्वयन टोलीले जिल्लाका विभिन्न स्थानबाट पक्राउ गरेको प्रमुख प्रहरी उपरीक्षक चन्दले जानकारी दिए । उनले भने 'अदालतले फैसला गरिसकेका मुद्दाका फरार प्रतिवादीलाई खोजी गर्ने अभियान अहिले पनि जारी छ ।'



फरार अपराधी पक्राउ तथा कारवाही

मिति २०८०/११/०७ गते देखि मिति २०८१/०९/२९ गतेसम्म

जम्मा पक्राउ संख्या :- ६८
जम्मा कैद असुलउपर :- २० वर्ष १ महिना १ दिन
जम्मा जरिवाना असुलउपर :- रु. ७१,३६,९४३/-

| फरार प्रतिवादी पक्राउ: फैसला पछिको अवधिको आधारमा | |
|---|---|
| २० बर्ष पछि | २ |
| १५ बर्ष पछि | १ |
| १० बर्ष पछि | २२ |
| ५ बर्ष पछि | १५ |
| ५ बर्ष भन्दा कम | २८ |
| जम्मा पक्राउ | ६८ |

*स्रोत : जिल्ला प्रहरी कार्यालय पाल्पा*

# आले हत्याको अभियुक्त साढे दुई वर्षपछि पक्राउ

**पाल्पा,** माघ ७/जिल्लाको रिब्दीकोट गाउँपालिका-५ की ७८ वर्षीया भूम कुमारी आले हत्याको अभियुक्त साढे दुई वर्षपछि पक्राउ परेकी छन् । आलेको हत्या गरेको आरोपमा सोही ठाउँकी ५४ वर्षीया नीरा कुमारी लम्तरी पक्राउ परेकी हुन् ।

२०७९ असार ३१ मा रिब्दीकोट गाउँपालिका-५ माराबासस्थित हर्रेखरक सामुदायिक वनमा आले मृत अवस्थामा फेला परेकी थिइन् । प्रहरीले हत्या गरेर फालेको आशंकामा केही व्यक्तिलाई नियन्त्रणमा लिएर सोधबुझ गरे पनि व्यक्ति पत्ता लागेनको थिएन । पत्ता नलागेपछि घटना प्रहरीको फाइलमै थन्किएको थियो । लामो समय थन्किएको हत्या घटनाका अभियुक्तलाई जिल्ला प्रहरी कार्यालयले जिल्ला अदालत पाल्पाको अनुमतिमा दुई वर्ष ६ महिना ४ दिन पछि यही माघ ४ गते पक्राउ गर्न सफल भएको हो । प्रहरीले निकै ठूलो मेहनत गरेर आलेलाई हत्या गर्ने लम्तरीलाई पक्राउ गरेको छ । अभियुक्त लम्तरीलाई उनकै घरबाट पक्राउ गरी जिल्ला अदालतबाट म्याद थप गरी घटनाबारे थप अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए ।

# रिडीमा घरेलु उत्पादनका सामग्रीको व्यापार राम्रो

**गुल्मी,** माघ ७/ छ दिनसम्म सञ्चालन भएको रिडी मेलामा यसपटक घरेलु उत्पादनका सामग्रीहरुको राम्रो व्यापार भएको छ । गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सङ्गमस्थल रुरुक्षेत्रको रिडीमा माघे संक्रान्तिका अवसरमा यहाँ घरेलु उत्पादनका सामग्रीहरु किनमेल गर्न आउनेहरुको घुइँचो लागेको थियो । हजारौं मानिसहरुको उपस्थित रहने यस मेलामा राडीपाखी, डोको, डालो, सुपा, काम्लालगायत वस्तुहरुको राम्रो व्यापार हुने गर्दछ । त्यसका अतिरिक्त काठबाट कुँदेर बनाएका ठेका, आरी, ओखरकाघाँजी, गुड र चाकु किन्नेहरुको पनि उत्तिकै भीड लाग्ने गर्दछ ।

रिडी मेलामा बाग्लुङको ढोरपाटनदेखि रोल्पा, पूर्वी रुकुम र जुम्लादेखि मानिस राडीपाखी, काम्लो ओखरका घाँजी बोकेर व्यापारका लागि बर्सेनि आउने गरेका छन् । यसपटक पनि उनीहरुले यो व्यवसायलाई निरन्तरता दिएको स्थानीय सुन्दर कुसजुले बताए । 'उनीहरु मेलामा समूहहरु बनाएर आउने र एक सातासम्म बसेर सामान बिक्री गरी घर फर्कने गर्दछन्', उनले भने । वर्ष दिनसम्म आफूले



उत्पादन गरेका सामग्रीहरु संकलन गरेर रिडी मेलामा ल्याउने र उक्त सामीग्रहरु बिक्री गरेर घर खर्च चलाउने गरेको पूर्वी रुकुमबाट रिडी आइपुगेका ५५ वर्षीय मानबहादुर विकले बताए । विगतका वर्षमाभन्दा यसपटकको मेलामा राम्रो व्यापार भएको उनले बताए ।

**-बाँकी अन्तिम पेजमा...**



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## खाँचो अनुगमनको

सर्वसाधारण जनताको ढाड सेक्ने गरी महँगी बढेको छ । विशेष गरी उपभोग्य वस्तुहरुको मूल्य अत्यधिक आकाशिएको छ । उपभोक्ता अधिकार संरक्षणका नाममा चाडपर्वलक्षित अनुगमनले बजार सुध्रन नसक्दा उपभोक्ता ठगिइरहेका छन् । चाडपर्व आउँदा मात्र अनुगमनलाई तिव्रता दिने तर अन्य समयमा बेवास्ता गर्ने प्रवृत्तिले उपभोक्ता ढगिने गरेका छन् । बजारमा महँगी मात्र हैन अखाद्य वस्तु समेत विक्री वितरण हुने गरेका छन् । यो अत्यन्त दुखद् हो । स्वच्छ र राम्रो खाद्य वस्तु उपभोग गर्न पाउनु हरेक उपभोक्ताको अधिकार हो । यदि, ताजा, राम्रो वस्तु उपभोग नगरेमा उपभोक्ताको जीवनसमेत बर्बाद हुन सक्छ । त्यसैले, हामीले दैनिक रुपमा उपभोग गर्ने वस्तुको धेरै नै महत्व हुन्छ । तर बजारमा उपलब्ध दैनिक उपभोग्यका सामग्रीहरु हरेक नागरिकले उपभोग गर्ने गर्दछन् । उपभोग्य म्याद गुज्रेको, लेभल नभएको, फोहोर भएका उपभोग्य वस्तु बिक्री गर्ने परिपाटी पनि बढ्दै गएको छ । व्यापारीहरुले घाटा हुने डरले जानाजान उपभोग गर्न योग्य नभएका वस्तु बिक्री गर्ने गर्दछन् । यस्ता कार्यले उपभोक्ताको स्वास्थ्यमाथि खेलवाड भइरहेको छ । यस्ता क्रियाकलापको नियन्त्रणका लागि बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने खाँचो छ । मौसमी अनुगमनले मात्रै महँगी र अखाद्य वस्तुको बिक्री, वितरण रोकिन सक्दैन ।

विश्वका जुनसुकै बजारमा वस्तु र सेवाको माग र आपूर्तिमा उत्पन्न हुन सक्ने विभिन्न समस्याको समाधान गरी बजारलाई स्वस्थ र स्वच्छ तुल्याउन, आम उपभोक्ताको हितको संरक्षण गर्न, उपभोग्य वस्तुहरूको सहज उपलब्धता सुनिश्चित गर्नसमेत बजार अनुगमन अपरिहार्य हुन्छ । त्यसमाथि बजारमा हुने कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि, गुणस्तरहीन वस्तुको किनबेच, कालोबजारीलाई नियन्त्रण गर्न सघन बजार अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक छ । निरन्तर रुपमा अनुगमन गर्ने कार्य र बद्मासी गर्नेलाई कडा कानूनी कारवाही नहुने कारणले उपभोक्ता दिनहुँ ठगीनु परेको छ । यसर्थ उपभोक्ता अधिकार संरक्षण र उनीहरुलाई दैनिक उपभोग्य वस्तु स्वच्छ, सहज र सुपथ मुल्यमा पाउन सक्ने बनाउनका लागि निरन्तर बजार अनुगमन गर्न जरुरी छ ।

### Opinion @ Social Network

बद्ला लिएर होईन..! बदि्लएर,देखाउ ! जिन्दगी फरक पाउनेछौं !

**धिरज मगरको फेसबुकबाट** *;https://www.facebook.com/Dhiiraz .Mogar*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सलाम कलकत्ते दाइ !



**दीर्घ बहादुर चन्द 'सुमन'**

म पूर्व सैनिक भएकाले कर्तव्य पालनाको सिलसिलामा २०७२ सालमा पहिलो पटक पाल्पा तानसेनसँग मितेरी गाँसेको । मैले करिब २ वर्षको सेवा पश्चात २०७४ सालमा पाल्पा छोडेको थिएँ । झण्डै सात वर्षको अन्तराल पछी पहाडको रानी पाल्पा तानसेनसँग दोस्रो पटक भलाकुसारी गर्ने मौका जुर्‍यो । यो मौका मलाई शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालले जुराई दिएको हो । मैले साहित्यमा परिकल्पना गरेको लघुकविता उपविधा 'आगो' सम्बन्धी पुस्तक प्रकाशन गरेकोमा उक्त योगदानको उच्च मूल्यांकन स्वरूप मलाई प्रतिष्ठानले २०८१ मंगसिर २९ गते नगद सहित कुलमणि देवकोटा स्मृति प्रतिभा पुरस्कार द्वारा सम्मान गरेको थियो । सोहि मञ्चमा तानसेन बसपार्कमा स्वयम् सेवी ट्राफिक प्रहरीको पोशाकमा सेवारत हामीले कलकत्ते दाई भनेर चिन्ने नागरिक ट्राफिकको उपाधिबाट विभूषित व्यक्ति श्री टोप बहादुर श्रेष्ठ (कलकत्ते दाइ) पनि हुनु हुँदो रहेछ । उहाँलाई पनि उक्त प्रतिष्ठानले राधावङ्की स्मृति स्वयंसेवा सम्मान प्रदान गरेको रहेछ । म उहाँलाई देखेर औधि खुशी भएँ तथा छोटो भलाकुसारी पश्चात उहाँले आफ्नो स्वयंसेवी कर्तव्य, योजना र कार्यान्वयन सम्बन्धी दुईपाने दस्तावेज "म नागरिक ट्राफिक प्रहरी टोप प्रसाद श्रेष्ठको अनुरोध" मलाई दिनुभयो र मोबाइलमा फोटो खिच्न भन्नुभयो । सात दशक भन्दा बढी उमेर भएका, फुर्तिला, जाँगरिला र जीवनमा केहि गर्नुपर्छ भन्ने हुटहुटी भएका, समाजसेवी भावनाले ओतप्रोत कलकत्ते दाइले समाज र राज्यबाट गरेका अपेक्षाहरु देखेर मेरो अन्त:स्करणमा हलचल मच्चायो । कुरा काटेर बस्ने समाज, समय भन्दा चांडै बुढो भएको अनुभव गर्ने पुस्ता, आफ्नो महत्वपुर्ण समय सामाजिक सञ्जाल वा मोबाईलमा बिताउने युवा पुस्ता र अन्धभक्त राजनैतिक कार्यकर्ताहरु भन्दा कलकत्ते दाईको योगदानले समाजलाई बढी अनुशासित, सुरक्षित र जिम्मेवार बनाएको महसुस गरि निम्नानुसार थप कुराहरु लेख्न बाध्य भएँ । समय, परिवेश र आवश्यकता अनुसार सफलताका आ-आफ्नै परिभाषा हुन सक्छन् । कसैले स्वयम् बस्न सक्नुलाई सफलता मान्न सक्छन्, कसैले हिंड्न वा दौडन सक्नुलाई आफ्नो सफलता मान्लान् भने कसैले गुड्नु वा उड्नुलाई । तसर्थ, सबैको लागि सफलताको मानक पनि फरक हुन सक्छन् । त्यसो भए कुनै व्यक्तिको सफलता के लाई मान्ने त ? दार्शनिकहरुको भनाई मान्ने हो भने कुनै व्यक्ति समय, परिवेश, शान, शौकत ( शक्ति) र धनदौलतबाट प्रभावित हुँदैन तथा आफ्नो अवस्थामा सन्तुष्ट छ भने त्यहि सफलता हो । जो व्यक्ति आफ्नो वर्तमान उपलब्धीसँग सन्तुष्ट हुन्छ, आफ्नो पेशा वा कर्तव्यलाई सर्वोपरी ठान्दछ त्यहि व्यक्ति भविष्यमा पनि सफल हुन्छ र आफ्नो वृत्ति विकासको सम्भावित उच्चतम बिन्दुसम्म पुग्न सक्दछ । आफ्नो पेशा, परिवेश र उपलब्धिबाट सन्तुष्ट देखिने व्यक्ति हुन् कलकत्ते दाई अर्थात् श्री टोप बहादुर श्रेष्ठ । स्याङ्गजा जिल्लाको बाँसतारा



देउरालीमा पुर्ख्यौली ठेगाना भएका कलकत्ते दाइले आफ्नो अनुरोध पत्रमा उल्लेख गरे अनुसार आफु विगत पाँच दशक भन्दा बढी समयबाट पाल्पाको तानसेनस्थित बसपार्कमा नागरिक ट्राफिकको रुपमा अनवरत खटिएका छन् । उनले आफुलाई आफै सामाजिक जिम्मेवारी तोकेका हुन् उनले उक्त अनुरोध पत्रमा आफैलाई तोकेको जिम्मेवारी निम्नानुसार रहेको छ :

***म नागरिक ट्राफिक प्रहरी टोप प्रसाद श्रेष्ठबाट आम नागरिकले पाउने सहयोग:*** विगत ५०/५१ वर्षदेखि नागरिक ट्राफिक प्रहरीको रुपमा काम गर्दै आएको । पाल्पा, तानसेन बसपार्क क्षेत्रमा आउने नव आगन्तुकहरुलाई बाटो, गाडी र पर्यटकीय क्षेत्रको बारेमा जानकारी दिने । सवारी व्यवस्थापनमा बिना पारिश्रमिक काम गर्दै आएको र अबका दिनमा पनि काम गर्ने । असहाय, अपांग, वृद्ध र नवआगन्तुकले सहयोग चाहिएमा सम्पर्क गर्नुहोला । अनिवार्य रुपमा परिचयपत्र लगाउनुहोस् । तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पुस्कर अथक रेग्मी, समाजसेवी माधव पाण्डे, पाल्पामा कार्यरत पत्रकार भगवान भण्डारी र माधव अर्यालसँग गरिएको कुराकानीको आधारमा कलकत्ते दाई सिद्धार्थ राजमार्ग बने पश्चात लगभग २०३०/३१ साल बाट पाल्पाको तानसेन बसपार्कमा समाजसेवी नागरिक ट्राफिकको रुपमा खटिएका हुन् । सानै छंदा आमा गुमाएका कलकत्ते दाईको बुवाले सौतेनी आमा भित्र्याए पछी घर छोडेर भारततर्फ हिडेको र केहि समय भारतको कलकत्तामा बिताए पश्चात पाल्पाको तानसेनमा आउनु भएको र कलकत्ता बसेको हुनाले नै उहाँको नाम नै कलकत्ते दाई रहन गएको हो । पुर्ख्यौली थातथलोसँग सम्पर्कविहीन जस्तै भएका कलकत्ते दाइ एकल जीवन बिताई रहनु भएको छ ।

कलकत्ते दाइले आफै सामाजिक जिम्मेवारी वहन गर्ने महान आकांक्षाको समाज र राज्यले उच्च कदर गर्नै पर्दछ । पाल्पास्थित जिल्ला प्रहरी कार्यालय र ट्राफिक प्रहरी कार्यालयले विभिन्न अवसरमा उहाँलाई सम्मान गरिसकेको छ । त्यस्तै यातायात समिति लगायत विभिन्न सामाजिक संघ संस्थाहरुले निजलाई सम्मान गरेपनि राज्यस्तरबाट समेत कलकत्ते दाइ जस्ता त्यागि र निस्वार्थ समाजसेवीलाई थप सुविधा र सुरक्षा होस् भन्ने मेरो अनुरोध रहेको छ । आफ्नो अनुरोधपत्र सदैव साथमा बोक्ने तथा फेलापरेका सबै सरकारका उच्च अधिकारीहरु लगायत समाजका जिम्मेवार व्यक्तिहरुलाई आफ्नो व्यक्तिगत अनुरोध गरेर आफ्नो एकल अभियानमा दत्त चित्त भएर लागेका कलकत्ते दाइको अनुरोध पत्र जस्ताको तस्तै प्रकाशित गर्नु सान्दर्भिक ठानेको छु । उहाँका अपेक्षा र अनुरोधहरु सामाजिक शिक्षा र नैतिक शिक्षामा पढेका पाठहरू लगायत सम्बन्धित निकायको भन्दा फरक नभएपनि उहाँको अभियानमा एक्यवद्धता जनाउँदै ठूलो स्वरले भन्न चाहन्छु 'सलाम कलकत्ते दाइ' ।

**म नागरिक ट्राफिक प्रहरी टोप प्रसाद श्रेष्ठको अनुरोध**

**१.गाडी धनीहरुले पालना गर्नुपर्ने नियमहरु :**

(क) मादक पदार्थ तथा लागुपदार्थ सेवन गर्ने चालकहरु नराख्नुहोस् । (ख) गाडीको सम्पूर्ण अवस्था ठिक राख्नुहोस् । (ग) यातायात मजदूहरुलाई रिजर्भ भत्ता बाँकी नराख्नुहोस्, समयमा उपलब्ध गराउनुहोस् । (घ)सवारी साधनका कागजपत्र समयमै नवीकरण गर्नुहोस् ताकि अनावश्यक जरिवानामा नपर्नुहोस् ।

**२.सवारी चालकहरुले पालनागर्नुपर्ने नियमहरु:** (क) सवारी चालकले सजगता अपनाई सवारी चलाउनुहोस् ।
(ख) सवारी चालकले मादक पदार्थ तथा लागु पदार्थ सेवन नगर्नुहोस् ।
(ग) चालकले यात्रुसँग अनावश्यक कुरा नगर्नुहोस् । (घ) चालकले सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगर्नुहोस् । (ङ) सवारी साधन चलाउनु भन्दा पहिला गाडीको अवस्थाको बारेमा जान्नुहोस् ब्रेक, लाईट, हर्न आदि कुरा ठिक भए नभएको चेक गर्नुहोस् । (च) सवारी छुट्ने समयमै छुट्नुहोस् समयमै पुग्नुहोस् । (छ) बजार क्षेत्र, विद्यालय क्षेत्र तथा हर्न निषेध गरिएको क्षेत्रमा प्रेसर हर्नको प्रयोग नगर्नुहोस् । (ज) सवारी यात्रु राखी सवारी साधनको ढोका बन्द गर्नुहोस् । (झ) सवारी यात्रु चढाउने र झर्ने काममा सह चालक जिम्मेवार बन्नुहोस् । (ञ) मीठो र शिष्ट भाषा प्रयोग गरि उचित भाडा लिनुहोस् । फिर्ता गर्नुपर्ने पैसा समयमै फिर्ता दिनुहोस् । (ट) महिला, जेष्ठ नागरिक, फरक क्षमता भएकाहरुको लागि सिट छुट्ट्याउनुहोस् । (ठ) सिट भन्दा बढी यात्रु नचढाउनुहोस् । (ड) घरखर्च, लगेज झोलाको अन्दाजी २० के. जि. सम्मको भाडा नलिनुहोस् । (ढ) सवारी इन्ट्री प्वाइन्टमा अनिवार्य रुपमा सवारी इन्ट्री गर्नुहोस् । (ण) मो. सा. र स्कुटर चालकले हेल्मेट र साना तथा ठूला सवारी साधनका चालकले सिट बेल्टको प्रयोग गर्नुहोस् ।

**३. सम्पूर्ण यात्रु महानुभावहरुले पालना गर्नुपर्ने कुराहरु:**
(क) सवारी साधन छुट्ने समयभन्दा पहिले नै सवारी साधनमा चढ्नुहोस् । (ख) सवारी साधन पूर्णरुपले नरोकिए सम्म सवारीसाधनबाट नझर्नुहोस । (ग) सवारी साधनमा टिकट लिएर मात्र यात्रा गर्नुहोस् । (घ) सवारी साधनमा चढीसकेपछी सवारी साधनको नम्बर याद गर्नुहोस् । ताकि समान छुटेमा खोजि गर्न सहयोग हुनेछ ।

**४.सम्पूर्ण पत्रकारहरुलाई मेरो अनुरोध:** (क) समय समयमा सवारी धनी, चालक, सह चालकसँग भेट गर्नुहोस् । (ख) दुर्घटना स्थलमा पुगी सत्य तथ्य समाचार बाहिर ल्याउनुहोस् । (ग) स्थानीय निकाय तथा सरोकारवाला संस्थासँगको सहकार्यमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुहोस् । **५. म नागरिक ट्राफिक प्रहरी टोप प्रसाद श्रेष्ठबाट आम नागरिकले पाउने सहयोग:**
(क) विगत ५०/५१ वर्षदेखि नागरिक ट्राफिक प्रहरीको रुपमा काम गर्दै आएको । (ख) पाल्पा, तानसेन बसपार्क क्षेत्रमा आउने नव आगन्तुकहरुलाई बाटो, गाडी र पर्यटकीय क्षेत्रको बारेमा जानकारी दिने । (ग) सवारी व्यवस्थापनमा बिना पारिश्रमिक काम गर्दै आएको र अबका दिनमा पनि काम गर्ने । (घ) असहाय, अपांग, वृद्ध र नवआगन्तुकले सहयोग चाहिएमा सम्पर्क गर्नुहोला । (ङ) अनिवार्य रुपमा परिचयपत्र लगाउनुहोस् ।

**'तीव्र गति जीवन क्षति'**
**अनुरोधक: नागरिक ट्राफिक प्रहरी टोप प्रसाद श्रेष्ठ तानसेन बसपार्क क्षेत्र**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यर्थको वादविवादबाट टाढा रहनुहोला। व्यवसायमा सामान्य लाभ रहनेछ। | **तुला** : समय अनुकूल रहेको छ। अवसर वादीहरुबाट सावधान रहनुहोला। |
| **वृष** : कार्यक्षेत्रमा हत्तारमा निर्णय नलिनुहोला। कार्यक्षेत्रमा सन्तानको सहयोग मिल्नेछ। | **वृश्चिक** : श्रमको उचित मूल्यांकन हुनेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। |
| **मिथुन** : कमजोरीको लाभ उठाउन सक्लान्। समयको सदुपयोग गर्नुहोस्। | **धनु** : नयाँ कार्यको थालनीबाट लाभ मिल्नेछ। निर्णायक मोडमा मन दुविधामा रहनेछ। |
| **कर्कट** : भावना बुझ्ने प्रयास गर्नुहोला। भौतिक सुख सुविधामा धन खर्च हुनेछ। | **मकर** : दिन सामान्य रहेको छ। यात्रा गर्दा आफ्नो स्वास्थ्यको ध्यान राख्नुहोला। |
| **सिंह** : वनशैलीमा सुधार आउनेछ। कार्यमा इमानदारी राख्नुहोस् सफलता मिल्नेछ। | **कुम्भ** : आत्मबल बढ्नेछ। पारिवारिक सहयोगले आर्थिक पक्ष मजबुत बन्नेछ। |
| **कन्या** : मनोरञ्जनात्मक पल बित्नेछ। अध्ययन अध्यापनमा सफलता मिल्नेछ। | **मीन** : मित्रताको बन्धन कसिनेछ। विगतका कमजोरीलाई सुधार्ने समय रहेको छ। |

# लुम्बिनी प्रदेशसभा : 'अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान' विधेयक पेस




**बुटवल,** माघ ७/लुम्बिनी प्रदेशसभाको पाँचौं अधिवेशनको सोमबारको चौथौ बैठकमा लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक पेस भएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको तर्फबाट भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले बैंठकमा विधेयक पेस गरेका हुन् ।

लुम्बिनी प्रदेशभित्र ललितकलाको सम्भावना, त्यसको अध्ययन, संरक्षण र विकासका लागि विधेयकले सहयोग पुग्ने सरकारको विश्वास छ । विधेयकमा कलाकृतिहरूको सिर्जना तथा तिनको प्रदर्शन, कलाहरूको विविध विधाहरुमा अध्ययन, अनुसन्धान र अन्वेषण गर्ने गरी विधेयक तयार गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । विधेयकमाथि मंगलबार अर्थात् आजको बैठकमा सैद्धान्तिक छलफल सुरु हुनेछ । आइतबारको तेस्रो बैठकमा प्रदेशसभामा पेस भएको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएको थियो । आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले बैठकमा उक्त विधेयकमाथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए । छलफलमा तीनजना प्रदेशसभा सदस्यले भाग लिए । प्रदेशसभा सदस्यहरु निमा गिरी, इन्द्रजीत थारु र विष्णु पन्थीले विधेयकमाथि आ-आफ्ना धारणा राखेका थिए ।

## रिडीमा घरेलु उत्पादनका...

... मेलामा गिठीको काठबाट कुँदेका ठेका, फलामजन्य सामग्री हँसिया, कोदालो, खुकुरी, बञ्चरोलगायत सामग्रीको पनि यसपटक राम्रो व्यापार भएको उनले बताए । बाग्लुङको जलजलादेखि ल्याएका निगालो र बाँसबाट बुनेका डोका, नाम्ला, सुपा र डाला किन्नेको पनि उत्तिकै भीड लागेको थियो । ग्रामीण क्षेत्रमा यी वस्तुहरुको उपयोग बढी हुने भएका कारण मानिस यस्ता वस्तु खरिदका लागि रिडी मेलामा आउने गर्दछन् । पछिल्लो समय बजारमा आएका तयारी वस्तुहरुले पुराना हस्तकलाका सामग्रीको बिक्री कम हुँदै जान थालेको व्यापारका लागि रिडी आइपुगेकी रुकुमकी मनकली श्रीपालीले बताइन् । हातबाट बुनेका कम्बल, काम्लो र राडीपाखीहरुको मूल्य केही महँगो भए पनि लामो समयसम्म टिकाउ र न्यानो हुने उनको भनाइ छ । यस्ता प्रकारका सामग्री खरिद गर्नेमा अधिकांश पाकापुस्ताका मानिस बढी देखिने गरेका छन् । घरेलु उत्पादित हस्तकलाका सामग्रीको विशेषता र महत्व बुझेका मानिसले यस्ता वस्तु खोजीखोजी किनेर लैजाने गरेको स्थानीय अशोक श्रेष्ठले बताए । रिडी मेलामा रुरु क्षेत्रको दर्शनसँगै घरेलु सामग्री खरिद गर्नका लागि बुटवल, पोखरा, दाङ, नवलपरासी, चितवन र काठमाडौँदेखि मानिसहरु आउने गर्दछन् ।

उद्योग वाणिज्य संघ रिडी शाखा, रुरु फ्रेन्डस क्लब र फ्रेन्डस् क्लब रिडीको संयुक्त आयोजनामा रुरु क्षेत्रमा माघ १ गतेदेखि छ दिनसम्म धार्मिक एवं सांस्कृतिक कार्यक्रमसहित रिडी मेलाको आयोजना गरिएको थियो । *-रासस*

### खेलकुद समाचार


## बाग्मतीले आर्मीलाई १४ रनले हरायो



**काठमाडौं,** माघ ७/प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको समूह 'बी' को खेलमा बाग्मती प्रदेशले त्रिभुवन आर्मी क्लबलाई १४ रनले हराएको छ । बाग्मतीले दिएको ८२ रनको लक्ष्य पछ्याएको आर्मी १३ ओभर २ बलमा ६७ रनमा अलआउट भयो । आर्मीकी अञ्जली विश्वकर्माले १४, नगिमा तामाङले १३ रन बनाइन् । बाग्मतीकी सोनु खड्का, मनिषा उपाध्याय र कञ्चन श्रेष्ठले २/२ विकेट लिए । यसअघि धनगढीको फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको बाग्मतीले निर्धारित १५ ओभरमा २ विकेट गुमाएर ८१ रन बनायो । बाग्मतीकी यशु पाण्डेले २५, कञ्चन श्रेष्ठले नटआउट २४ र यशोदा विष्टले नटआउट २० रन बनाए । आर्मीकी ईश्वरी विष्ट र लक्ष्मी साउदले १/१ विकेट लिए । यो जीतसँगै बाग्मती २ खेलमा २ अङ्कसहित तालिकाको तेस्रो स्थानमा छ । आर्मी २ खेलमा २ अङ्कसहित नेट रन रेटका आधारमा शीर्ष स्थानमा छ । यस्तै समूह 'बी' को अर्को खेलमा अहिले दोस्रो स्थानको कोशी प्रदेश र पुछारको मधेश प्रदेश खेलिरहेका छन् । प्रतियोगिताको समूह 'ए' बाट सशस्त्र प्रहरी बलको एपीएफ र सुदूरपश्चिम प्रदेश 'सुपर फोर' मा पुगिका छन् ।

### अर्थ /कर्पोरेट समाचार

## नेप्से परिसूचक निरन्तर उकालो यात्रामा



**पाल्पा,** माघ ७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक निरन्तर उकालो यात्रामा रहेको छ । साताको पहिलो दिन बढेको नेप्से सोमबार पनि सामान्य अकंले बढेको छ । दोस्रो दिन नेप्से परिसूचक छ दशमलव ७८ अङ्कले बढेर दुई हजार छ सय सात दशमलव ९९ को विन्दुमा कायम भएको हो ।

सोही अवधिमा तीन सय ११ कम्पनीको एक करोड ३६ लाख ७७ हजार नौ सय ८३ कित्ता शेयर ७४ हजार चार सय तीन पटक खरिदबिक्री हुँदा छ अर्ब ५७ करोड चार लाख ७७ हजार आठ सय ८६ बराबरको कारोबार भएको छ । कारोबारमा बैंकिङ समूह शून्य दशमलव २०, विकास बैंक शून्य दशमलव ६०, वित्त शून्य दशमलव ५३, जलविद्युत् शून्य दशमलव ०२ र लघुवित्त समूह शून्य दशमलव ०४ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । होटल तथा पर्यटन शून्य दशमलव १२, लगानी शून्य दशमलव ६०, जीवन बीमा शून्य दशमलव ०४, उत्पादन तथा प्रशोधन एक दशमलव ६८, म्युचुअल फन्ड शून्य दशमलव ०९, निर्जीवन बीमा शून्य दशमलव २३, व्यापार एक दशमलव ०६ र अन्य समूह दुई दशमलव १३ प्रतिशतले बढेको छ । मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै नौ दशमलव ०५ प्रतिशतको वृद्धि देखिएको छ । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै रिभर फल्स पावर लिमिटेडको २४ करोड एक लाख ८८ हजार चार सय चार बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन पावर पार्टनर लिमिटेडको तीन लाख ७७ हजार छ सय ४६ कित्ता शेयर कारोबार भएको छ ।


हार्दिक बधाई तथा शुभकामना


डाँसुराम पन्थ
अध्यक्ष


अशेष भट्टराई
उपाध्यक्ष


गंगाबहादुर खत्री
सचिव


रुपचन्द थापा
नगर अध्यक्ष


दुर्गा प्रसाद बस्याल
कोषाध्यक्ष

यस स्कुलका प्रिन्सिपल, शैक्षिक व्यक्तित्व **रुपचन्द थापा** निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) तानसेन नगरको अधिवेशनबाट नगर अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँसहित प्याब्सन पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट हाम्रा शुभेच्छुकहरु डाँसुराम पन्थ अध्यक्ष,अशेष भट्टराई उपाध्यक्ष, गंगाबहादुर खत्री सचिव, दुर्गा प्रसाद बस्याल कोषाध्यक्ष र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, क्याप्टेन देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, गोपालबहादुर पि.सी, लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल,शिष्टर एनिस जोसेफ निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

महेन्द्र कुमार पोखरेल
सहायक प्रिन्सिपल

एवं

माधवप्रसाद नेपाल
अध्यक्ष

बेथल इङ्गलिस बोर्डिङ सेकेण्डरी स्कुल
तानसेन, पाल्पा



हार्दिक बधाई तथा शुभकामना


डाँसुराम पन्थ
अध्यक्ष


अशेष भट्टराई
उपाध्यक्ष


गंगाबहादुर खत्री
सचिव


रुपचन्द थापा
नगर अध्यक्ष


दुर्गा प्रसाद बस्याल
कोषाध्यक्ष


गोपाल बहादुर पि.सी.
सदस्य

यस स्कुलका प्रिन्सिपल, शैक्षिक व्यक्तित्व गोपाल बहादुर पि.सी. निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट जिल्ला कार्यसमिती सदस्य जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा उहाँसहित हाम्रा शुभेच्छुकहरु डाँसुराम पन्थ अध्यक्ष,अशेष भट्टराई उपाध्यक्ष, गंगाबहादुर खत्री सचिव, रुपचन्द थापा नगर अध्यक्ष, दुर्गा प्रसाद बस्याल कोषाध्यक्ष र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, क्याप्टेन देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, अनुराधा बज्राचार्य, लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल,शिष्टर एनिस जोसेफ निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

केदारलाल श्रेष्ठ
अध्यक्ष

एवं

पाल्पा आवासीय माध्यमिक विद्यालय परिवार
तानसेन-३, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई